सु.च.०४

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Google plus - J8H+R22 RUKUMKOT
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## कमल ताल र सहिद स्मारक संग्रालय भौतिक सम्पत्ति भाडामा दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/११)

SQ/SRM/IR 01/083/84

सिस्ने गाउँपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूलाई खुला, पारदर्शी र प्रतिस्पर्धात्मक प्रणाली मार्फत भाडामा लगाई आन्तरिक आय वृद्धि गर्नुपर्ने भएकाले स्वीकृत **"कमल दह परिसर र भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३"** तथा **"शहीद स्मारक संग्रहालयको भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३"** को अधीनमा रही देहाय बमोजिमका भौतिक संरचना/क्षेत्रहरू भाडामा लिन इच्छुक र योग्य फर्म, संस्था वा कम्पनीहरूबाट यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**१. भाडामा दिइने सम्पत्ति र मूल्याङ्कन विवरणः**

| क्र. सं. | सम्पत्ति/संरचनाको विवरण | न्यूनतम मूल्याङ्कन रकम | बोलपत्र जमानत | ठेक्का अवधि (पहिलो पटक) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | कमल दह परिसर र सो अन्तर्गतका भौतिक संरचनाहरू | रु. ४,२५,०००/- (वार्षिक) | ३ वर्ष | ३ वर्ष | रु. १,०००/- |
| २ | शहीद स्मारक संग्रहालय परिसर र सो अन्तर्गतका भौतिक संरचनाहरू | रु. २,४५,०००/- (वार्षिक) | ३ वर्ष | ३ वर्ष | रु. १,०००/- |

**२. सञ्चालन गर्न पाइने व्यावसायिक सेवा तथा गतिविधिहरूः**

(क) कमल दह परिसर :

1. **फोटोग्राफी तथा छायाङ्कन सेवाः** व्यावसायिक क्यामेरा, भिडियोग्राफी, ड्रोन छायाङ्कन तथा सांस्कृतिक/परम्परागत पोशाक उपलब्ध गराई फोटो खिचाउने सेवा।

डिल्ली बढुका
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

2. **वनभोज (पिकनिक) स्थल व्यवस्थापन:** दह परिसरभित्र तोकिएको क्षेत्रमा वनभोज स्थल सञ्चालन तथा उपयोग शुल्क व्यवस्थापन।
3. **चमेनागृह (Cafeteria/Canteen):** आगन्तुक तथा पर्यटकहरूका लागि स्वच्छ खानपिन तथा खाजा रैथाने उत्पादनमा आधारित बस्तु किनबेच, पुस्तक तथा उपहार बिक्री सेवा सेवा।
4. **बाल उद्यान तथा पार्क व्यवस्थापन:** पार्कको सौन्दर्यकरण, मनोरञ्जनात्मक खेल तथा व्यावसायिक स्टल/कफी शप सञ्चालन।
5. **कमलको जरा सङ्कलन:** गाउँपालिकाको पूर्व-स्वीकृति अनुसार निश्चित अवधिमा कमलको जरा (भ्याकुर) सङ्कलन तथा बिक्री।

**(ख) शहीद स्मारक संग्रहालय परिसर:**

1. **फोटोग्राफी तथा भिडियोग्राफी सेवा:** संग्रहालय परिसरभित्र फोटो/भिडियोग्राफी तथा पोशाक भाडामा दिने सेवा।
2. **वनभोज (पिकनिक) तथा खुला क्षेत्र उपयोग:** तोकिएको खुला क्षेत्रमा वनभोज तथा पारिवारिक जमघट स्थल व्यवस्थापन।
3. **चमेनागृह/क्यान्टिन:** आगन्तुकहरूका लागि स्वच्छ चिया, कफी तथा खाजा सेवा।
4. **व्यावसायिक स्टलहरू:** गाउँपालिकाको पूर्व-स्वीकृतिमा इको-फ्रेन्डली स्टल/कफी शप निर्माण गरी हस्तकला, पुस्तक तथा उपहार बिक्री सेवा।
5. शहिद स्मारक संग्रालय भित्रका ऐतिहासिक तथा युद्ध पर्यटन सम्बन्धि फिचर अवलोकन ।

**३. बोलपत्रका मुख्य शर्त, प्रक्रिया तथा नियमहरू:**

1. **सूचनाको म्याद र बोलपत्र खरिद/दर्ता सम्बन्धी व्यवस्था:**
   - **फारम खरिद:** यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** (मिति: २०८३/०४/१८) कार्यालय समयभित्र गाउँपालिकाको राजस्व शाखामा तोकिएको दस्तुर रु. १,०००/- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
   - **बोलपत्र दर्ता:** रीतपूर्वक भरिएको सिलबन्दी बोलपत्र मिति **२०८३/०४/१९ को १२:०० बजेभित्र** गाउँपालिकाको कार्यालयमा अनिवार्य रूपमा दर्ता गरिसक्नुपर्नेछ।
   - **बोलपत्र खोल्ने समय:** प्राप्त बोलपत्रहरू सोही दिन (मिति: २०८३/०४/१९) को २:०० बजे बोलपत्रदाता वा निजका आधिकारिक प्रतिनिधिहरूको उपस्थितिमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ। (प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन)।
2. **बोलपत्र जमानत (Bid Security/Bond):**
   - प्रस्तावकले आफूले कबोल गरेको कुल वार्षिक भाडा रकमको **न्यूनतम ३ (तीन) प्रतिशत** बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको **सक्कल नगद भौचर** वा मान्यता

हिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको कम्तीमा ९० (नब्बे) दिनको म्याद भएको बैंक ग्यारेन्टी **(Bid Bond)** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

3. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**
    - रीतपूर्वक भरिएको बोलपत्र फाराम र वित्तीय प्रस्ताव फाराम।
    - फर्म/कम्पनी दर्ता/नवीकरण प्रमाणपत्र।
    - स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
    - आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।
    - कालोसूचीमा नपरेको र कानुन बमोजिमका सर्तहरू पालना गर्ने सम्बन्धी स्व-घोषणा।
4. **दरभाउ तथा ठेक्का स्वीकृतिको नियम:**
    - **न्यूनतम कबोल अङ्क:** तोकिएको न्यूनतम मूल्याङ्कन रकम भन्दा घटी हुने गरी कबोल गरिएको बोलपत्र अस्वीकृत हुनेछ।
    - **कर तथा दस्तुर:** कबोल रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर (VAT) वा अन्य स्थानीय करहरू थप गरी बुझाउनुपर्नेछ।
    - **ठेक्का स्वीकृति:** नियमानुसार रीत पुगेका बोलपत्रहरूमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदातालाई ठेक्का स्वीकृत गरिनेछ।
5. **कार्यसम्पादन जमानत (Performance Security) र सम्झौता:**
    - **सम्झौता:** स्वीकृत हुने बोलपत्रदाताले सम्झौता गर्नु अगावै आफूले कबोल गरेको **१ वर्ष बराबरको कुल भाडा रकम र बाँकी २ वर्षको** कार्यसम्पादन जमानत (Performance Security) बापतको रकम गाउँपालिकाको धरौटी खातामा नगद वा बैंक ग्यारेन्टी बुझाई तोकिएको म्यादभित्र सम्झौता गर्नुपर्नेछ।
    - **सम्झौता अवधि थप:** बोलपत्र दाताको कार्य सम्पादनका आधारमा २ वर्ष सम्झौता अवधि थप गर्न सकिनेछ ।

## ४. कार्यविधि अनुसार पालना गर्नुपर्ने मुख्य क्षेत्रगत सर्तहरू:

- **सार्वजनिक पहुँच र सुविधा:** बिहानको समयमा स्थानीय बासिन्दा तथा कर्मचारीहरूका लागि मर्निङ वाक निःशुल्क रहनेछ। परम्परागत धार्मिक/सांस्कृतिक मेला, जात्रा र काजकिरिया/सामाजिक संस्कारका लागि कुनै अवरोध वा शुल्क लिन पाइने छैन।
- **वातावरणीय प्रतिबन्ध:** परिसरभित्र प्लाष्टिक, रासायनिक फोहोर, मदिरा, सुर्तीजन्य पदार्थ, जुवातास चर्को ध्वनि तथा सवारी साधन प्रवेश (कमलताल) पूर्ण रूपमा वर्जित छ। कमलको जरा (भ्याकुर) गाउँपालिकाको पूर्व स्वीकृति र प्राविधिक टोलीको रोहवरमा मात्र निश्चित अवधिमा निकाल्न पाइनेछ।
- **थप संरचना निर्माण:** परिसरको सौन्दर्यकरणका लागि भाडावालाले आफ्नै खर्चमा थप अस्थायी संरचना बनाउन चाहेमा गाउँपालिकाको इन्जिनियरको प्राविधिक प्रतिवेदन र कार्यालयको पूर्व लिखित स्वीकृति लिनुपर्नेछ। सो संरचना सम्झौता अवधि सकिएपछि गाउँपालिकाको स्वामित्वमा रहनेछ।

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- **शुल्क नियन्त्रणः** आगन्तुकहरूबाट गाउँपालिकाले तोकेको आधिकारिक दस्तुर मात्र लिन पाइनेछ। मनपरी शुल्क लिएको पाइएमा जरिवाना र तेस्रो पटकमा सम्झौता रद्द गरिनेछ।
- सहिद स्मारक संग्रालय भवनलाई सहिद स्मारक फिचर अवलोकन बाहेक अन्य व्यावसायिक प्रयोजनमा उपयोग गर्न पाइने छैन ।

**५. विविधः**

1. **सम्पत्तिको संरक्षण र सरसफाइः** ठेक्का अवधिभर भौतिक संरचना, पार्क तथा संग्रहालयको क्षति हुन नदिई उचित संरक्षण र दैनिक फोहोरमैला व्यवस्थापन/सरसफाइको सम्पूर्ण जिम्मेवारी ठेक्का लिने पक्षको हुनेछ।
2. **अधिकार सुरक्षितः** रीत नपुगेका, शर्त विपरीत वा तोकिएको समयभन्दा ढिलो प्राप्त बोलपत्रहरू उपर कुनै कारबाही गरिने छैन। बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार सिस्ने गाउँपालिकामा सुरक्षित रहनेछ।
3. यस सुचनामा उल्लेख नभएका व्यवस्थाहरु **"कमल दह परिसर र भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३"** तथा **"शहीद स्मारक संग्रहालयको भौतिक सम्पत्ति भाडा व्यवस्थापन कार्यविधि, २०८३"** र प्रचलित कानुन बमोजिम हुनेछन् ।

२०८३/०४/११

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner